# सिमकोट गाउँपालिका

## स्थानीय राजपत्र

भाग २ | खण्ड : ९ | संख्याः २


# सिमकोट गाउँपालिकाको पशु स्वास्थ्य शिविर संचालन कार्यविधि २०८२

कार्यपालिकाबाट स्वीकृत मिति २०८२/१२/२१

गाउँ सभाबाट पारित मिति २०८२/१२/२२

प्रस्तावित

# प्रस्तावनाः

पशु स्वास्थ्य शिविर कार्य सय्चालनलाई ब्यवस्थित तथा प्रभावकारी बनाउन वाय्छयनीय भएकाले,सिमकोट गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७९ को दफाः६६ को उपदफा (ज) को अधिकारबाट सिमकोट गाउँपालिकोले यो कार्यविधि निमार्ण गरिएको छ।

## पृष्ठभुमि

पशु स्वास्थ्य सेवा सार्वजनिक सम्पतिको रुपमा हेरिदै आएको वर्तमान परिपेक्षमा नेपालमा हाल पशु सेवा विभाग अन्तरगत केन्द्रिय पशु चिकित्सालय ,पशु रोग अन्वेषण प्रयोगशाला,भेटेरिनरि अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र तथा नगरपालिका, गाउँपालिका अन्तरगतका पशु सेवा शाखा मार्फत पशु स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेको छ। देशको भौगोलीक अवस्था अनुसार पशु सेवा समान रुपमा प्रदान गर्न नसकिएको र व्यवसायीक पशुपालनको बृद्धि संगै पशु स्वास्थ्य सेवा तर्फ प्राविधिक सेवाको माग बढ्दै गएको वर्तमान सन्दर्भमा कतिपय स्थानिय तहहरुमा यथेष्ठ संख्यामा प्राविधिकहरुको उपलब्धता सहज नभएको यथार्थलाई दृष्टिगत गरि यस कार्यक्रम मार्फत पशुपालनको पकेट क्षत्रमै सवै क्षेत्रका प्राविधिकहरुको उपस्थितिमा पशु स्वास्थ्य शिविर संचालन गर्ने अभिप्रायले नेपाल सरकार अन्तर्गत स्थानिय सरकारको निति तथा कार्यक्रम सहज,सरल,प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न पशु स्वास्थ्य शिविर संचालन कार्याबिधि-२०८२ सिमकोट गाउँपालिका,पशुपन्छी विकास शाखा बाट जारी गरिएको छ।

## परिच्छेद १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यविधिको नाम पशु स्वास्थ्य शिविर संचालन कार्यविधि २०८२ रहेको छ।

ख) यो कार्यविधि स्विकृत भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिः

क) **"गाँउपालिका"** भन्नाले सिमकोट गाउँपालिका हुम्ला सम्झिनु पर्नेछ्।

ख) **"शाखा"** भन्नाले सिमकोट गाउँपालिका पशुपन्छी विकास शाखा सम्झनु पर्छ।

ग) **"केन्द्र वा ईकाइ"** भन्नाले वडास्तरमा संचालित पशु सेवा केन्द्र वा ईकाइ सम्झनु पर्छ।

घ) **"कार्याविधि"** भन्नाले पशु स्वास्थ्य शिविर संचालन कार्यविधि २०८२ सम्झनु पर्छ।

३. **उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ।

क) नेपाल सरकार र स्थानिय सरकारको निति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

ख) व्यवसायीक पशुपालनको पकेट क्षेत्रमै कृषक उद्ध्यमिलाई आवश्यक पर्ने सम्पूर्ण पशु स्वास्थ्य सेवा (उपचार,खोप सेवा, गाईनाकोलोजिकल सेवा, रोग निदान,सर्जिकल सेवा आदि) पशु स्वास्थ्य शिविरको माध्यमबाट उपलब्ध गराउने।

ग) पशु सेवा शाखा वा केन्द ईकाइको पहुँचबाट टाढा रहेको कुनै पनि सम्भाव्य स्थानिय कृषक उद्यमिहरुलाई पशु स्वास्थ्य सेवा उपलब्ध गराउन प्राथामिकता दिने ।

घ) पशुपन्छीहरुको रोग निदान,उपचार, र नियन्त्रणमा सहयोग पुर्याउने।

ङ) पशु स्वास्थ्य तथा भेटिरिनरी जनस्वास्थ्य सम्बन्धमा जनचेतना अभिबृद्धि गर्ने ।

## परिच्छेद २

### ४. कार्यक्रम संचालन प्रक्रियाः

४.१ पशु स्वास्थ्य शिविर संचालन गर्नु पुर्व सिमकोट गाँउपालिका पशुपन्छी विकास शाखाले सम्बन्धित वडाका जनप्रतिनिधि संग वा आर्थिक बिकास समितिसँग समन्वय गरि शिविर संचालन गर्न स्थान छनोट गर्नेछ।

४.२ वडा कार्यालयको आवाश्यकता अनुसार (त्यस क्षेत्रका समुह,समितिको माग एव सेवाको पहँच तथा अपरिहार्यता) शिविर संचालनको लागि स्थान तोकि पशुपन्छी विकास शाखालाई जानकारी गराउनेछ।

४.३ वडा संगको समन्वयमा शाखा कार्यालयले शिविर संचालन गर्ने मिति तोक्नेछ र सोको जानकारी समन्वयात्मक कार्यालयहरुलाई जानकारी गराउनेछ ।

४.४ शाखा कार्यालयले शिविर संचालन मिति तथा समाबन्धित  सेवा केन्द्र र आवश्यकता अनुसार त्यस स्थानका समूह तथा सहकारिलाई जानकारी गराउनेछ।

४.५ शाखा कार्यालयले कार्याक्रम संचालन हुन १ हप्ता अगावै स्थानिय संचार माध्याम,रेडियो,पोष्टर,पम्पलेट आदिको माध्यामबाट प्रचार प्रसार गर्नेछ।

४.६ शाखाले अनुभवि पशु प्राविधिक वा बिज्ञ टोलि सहित शिविरका लागि आवश्यक पर्ने औषधि,भ्याक्सिन तथा अन्य सामाग्रिहरुको व्यवस्थापन गर्नेछ।

४.७ विज्ञ टोलिमा शिविर संचालन हुने क्षेत्रको आवश्कता अनुसार पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, जिल्ला स्थित भेटेरिनरी अस्पताल तथा निजि क्षेत्रमा कार्यरत पशु चिकित्सक एवम प्राविधिक हुनेछन।

४.८ एउटा शिविरमा साना र ठुला गरि कम्तिमा १०० पशुपन्छीलाई आवश्यक पशु स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद ३

### ५. आर्थिक कार्याविधिः

५.१ शिविर संचालनको लागि आवश्यक सम्पुर्ण क्रियाकलापहरु  लागत अनुमान  गरेर स्वीकृत गरिने छ ।

५.२ पशु स्वास्थ्य शिविरका लागि प्रदेश स्तरका कार्यालय बाट कर्मचारिले आवश्यकता अनुसार दैनिक तथा भ्रमण भत्ताको व्यवस्थापन सोहि कार्यक्रमबाट प्रचलित आर्थिक नियमानुसार व्यवस्थापन गर्नेछ।

## परिच्छेद ४

**६. आर्थिक प्रशासन सेवाः**

कार्यक्रमको लेखा,लेखाकंन,लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा आर्थिक कार्यविधि ऐन २०५५,आर्थिक कार्यविधि नियामावलि २०६४,सार्वजनिक खरिद ऐन२०६३,तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गरिनेछ र अन्तिम भुक्तानिको लागि वडा कार्यलयबाट जारि सिफारिस पत्र तथा अन्य प्रतिवेदनबाट हुनेछ।

**७. अनुगमन, मुल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः**

यस कार्यक्रमको अनुगमान सम्बन्धी वडा कार्यालय  प्रतिनिधीले गर्नेछ र सोको प्रतिवेदन र प्रगति सम्बन्धित पशु पन्छी विकास शाखाले तयार गर्नेछ।

**८. थपघट वा हेरफेर गर्न सक्नेः**

८.१ यो कार्यविधि कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवाश्कता अनुसार यस कार्यविधिमा शंसोधन  तथा खारेज गर्न सक्नेछ।

८.२ यस कार्याविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले आवाश्कता अनुसार व्याख्या गर्न सक्नेछ।

**आज्ञाले**

**बर्ष बहादुर फडेरा कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**